म.जि.प्र.का दर्ता न:
१०४/०६७/०६८

हेटौंडा, मकवानपुर

म.जि.हु.का.द.नं.
३०/०६९/०७०

बागमती प्रदेशको राजधानी हेटौंडाबाट प्रकाशित लोकप्रिय 'क' वर्गको समाचारपत्र

# समृद्ध समाज

SAMRIDDHA SAMAJ NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष:१४ अङ्क:- १९८ २०८० जेठ २९ गते सोमबार 12 June 2023, Monday - पृष्ठ ४ मूल्य रु. ५/-




# ३ बालश्रमिकको उद्दार, आज बालश्रमविरुद्धको दिवस मनाइँदै

जमुना थिङ

हेटौंडाः बालश्रमिक उद्दार तथा पुनर्स्थापना उपसमितिले हेटौंडा उपमहानगर पालिकाको २, ६ र ११ नम्बर वडामा स्थलगत अनुगमन तथा निरीक्षण गरेको छ। हेटौंडा उपमहानगरपालिका, श्रम तथा रोजगार कार्यालय बागमती प्रदेश हेटौंडा, बाल हेल्पलाइन मकवानपुर, सञ्चारकर्मी, जिल्ला प्रहरी कार्यालय र वडा सहजकर्ताको टोलीले गरेको संयुक्त अनुगमन तथा निरीक्षणको क्रममा आइतबार ३ बालकको उद्दार गरिएको हो।

हेटौंडा–२ स्थित लुम्बिनी पराठा एण्ड रोटी हाउसबाट आन्दाजी १५ वर्षीय बालकको उद्दार गरिएको छ। उद्दार गरिएका बालक यसअघि बारा जिल्लाको सिमरास्थित होटलमा काम गर्ने गरेको बताइएको छ। मकवानपुरगढी–७, सुकौराका ती बालकलाई नातेदारले पराठा हाउसमा काम गर्न ल्याएको होटल सञ्चालक अर्जुन श्रेष्ठले जानकारी दिनुभएको छ।

कक्षा–८ मा पढ्दापढ्दै बालकले बीचमै पढाइ छाडेको बताइएको छ। लुम्बिनी पराठा एण्ड रोटी हाउसका सञ्चालक श्रेष्ठका अनुसार उक्त बालक बारम्बार घरबाट भागेर काम गर्न हिँड्ने गरेका छन्। बालकको जन्मदर्ता फेला नपरेका कारण कति वर्षको हो भन्ने यकिन भएको छैन। श्रम तथा रोजगार कार्यालय हेटौंडाका भीम शर्माले कति वर्षको बालक हो यकिन गरेर १५ वर्ष पुगेको हकमा सरकारी प्रक्रिया पुऱ्याएर अभिभावकको सहमतिमा श्रममा लगाउने या नलगाउने निर्णय लिइने बताउनुभयो ।

हेटौंडा–६, हात्तीलेटमा एक बालकलाई काममा लगाएको भन्ने जानकारी प्राप्त भएपछि १२ वर्षीय बालकलाई उद्दार गरिएको छ। करिब ३–४ दिनदेखि भवनाथ सापकोटाको मिलमा काम गरिरहेको भन्ने जानकारी भएपछि बालकको उद्दार गरिएको हो।

मिलका सञ्चालकले बालकलाई नसक्ने काम नलागएको दावी गर्नुभएको छ। यसअघि बालकले घाँस काट्ने काम गर्ने गरेको बताइएको छ। पढ्न नसकेका कारण कक्षा–४ मा पढ्दापढ्दै पढाइ छोडेको बालकको भनाई छ। मकवानपुर गढी–७, सुकौराका ती बालकको जन्मदर्ता नभएको र आमाको बिवाह दर्ता नगरेको मिलका सञ्चालक सापकोटाको भनाई छ।



बालकको जन्मदर्ता फेला नपरेका कारण कति वर्षको हो भन्ने यकिन भएको छैन । श्रम तथा रोजगार कार्यालय हेटौंडाका भीम शर्माले कति वर्षको बालक हो यकिन गरेर १५ वर्ष पुगेको हकमा सरकारी प्रक्रिया पुऱ्याएर अभिभावकको सहमतिमा श्रममा लगाउने या नलगाउने निर्णय लिइने बताउनुभयो ।

बाल हेल्पलाइन मकवानपुर संयोजक झविन्द्र ज्ञवालीले बालश्रममा उक्त बालक पर्नसक्ने अवस्थालाई मध्यनजर गरी बालकको उद्दार गरिएको बताउनुभयो। बालकसँग यकिन बयान लिने उहाँले जानकारी दिनुभयो। कसरी यहाँसम्म बालक आइपुगे र बालक श्रममा संलग्न छन् या छैनन् भन्ने कुराको बालकसँग अनुसन्धान गरिने उहाँको भनाई छ।

यस्तै, हेटौंडा–११ स्थित रुस्तम ब्याट्री वर्कशपबाट १५ वर्षीय बालकको उद्दार गरिएको छ। वीरगञ्ज स्थायी ठेगाना बताउने ती बालकले ५ महिनादेखि वाइरिङको काम गर्दै आइरहेका छन्। आफूले ५ घण्टा काम गरिरहेको तर पारिश्रमिक भने नपाएको बालकको भनाई छ।

वर्कशपका सञ्चालक रुस्तम अन्सारीले ती बालकले पानी, हावा चेक गर्ने काम गर्ने गरेको र पारिश्रमिक भने आफूले नदिएको स्वीकारेका छन्।

हेटौंडा–११ मा रहेको हेटौंडा वर्कशपले आन्दाजी १५ र १७ वर्षीय बालक राखेकोमा सूचना प्राप्त भएपछि हटाएको बताइएको छ। सोही स्थानका एक वर्कशपले पनि एक बालकलाई श्रममा लगाएको र आधा महिनाअघि घर पठाइएको स्थानीयले बताएका छन्।

हेटौंडा–६, चौघडामा रहेको अनिता होटलले एक बालकलाई काममा राखेको जानकारी पाएपछि हटाउन चेतावनी दिइएको छ। होटल सञ्चालक अनिता घिसिङका अनुसार बालकको जन्मदर्ता बाबुले दिएका छैनन्। बागमती गाउँपालिकाको फापरबारीका ती बालकको आमाले दोस्रो विवाह गरेको र बाबु मदिरा सेवन गर्ने गरेको घिसिङको भनाई छ। सहाराविहीन बालकलाई आफूले आश्रय दिएको उहाँले बताउनुभएको छ। आन्दाजी १४ वर्षीय बालकलाई श्रममा लगाउन नहुने जानकारी प्राप्त भएपछि घर पठाइएको छ। हेटौंडा–२ स्थित साईकृपा नान रोटी पराठा खाजा घरमा पनि निरीक्षण गरिएको छ।

निष्कृष्ट बालश्रममा लगाए १० हजार रुपैयाँ जरिवाना, ३ महिना कैद वा दुबै सजाय हुने कानुनी व्यवस्था छ। यस्तै जोखिमपूर्ण काममा लगाए ५० हजार रुपैयाँ जरिवाना, एक वर्ष कैद वा दुबै सजाय हुने व्यवस्था छ। १४ वर्ष मुनिका कुनै पनि बालबालिकालाई श्रममा लगाउन पाइँदैन भने १४ वर्षभन्दा माथिका र १८ वर्षभन्दा मुनिका बालबालिकालाई सरकारी सेवा सुविधासहित अभिभावकको सहमतिमा श्रममा लगाउन पाइने कानुनी प्रावधान छ।

हरेक वर्ष जुन १२ मा बालश्रमविरुद्ध विश्व दिवस मनाइँदै आइरहेको छ। बालश्रमविरुद्ध विश्वव्यापी आन्दोलनलाई बढावा दिने उद्देश्यले उक्त दिवस मनाउने गरिएको हो। अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ)ले बालश्रमविरुद्धमा विश्वव्यापी ध्यान केन्द्रित गर्दै यसलाई पूर्णरुपमा अन्त्य गर्न आवश्यक कार्य प्रयासमा ध्यान केन्द्रित गर्दै आइरहेको छ।

बाल मजदुरको दुर्दशा उजागर गर्दै उनीहरूलाई कसरी मद्दत गर्न सकिन्छ भन्ने कुरामा केन्द्रित रहँदै उक्त दिवस मनाइँदै आइरहेको छ। आज सोमबार विश्वभर बालबालिकाको सुनुवाईको अधिकार नारासहित सबैको लागि सामाजिक न्याय, बालश्रमको अन्त्य गरौं भन्दै दिवस मनाइँदैछ।

दिवसको पूर्वसन्ध्यामा श्रमिक बालबालिकाको निरीक्षण तथा अनुगमन गरी उद्दार गरिएको बाल हेल्पलाइन संयोजक ज्ञवालीले जानकारी दिनुभयो। उच्च तापक्रमका कारण विद्यालय बन्द भएकाले दिवसको दिन कुनै पनि कार्यक्रम आयोजना नगरिएको उहाँको भनाई छ। मौसममा सुधार आएर विद्यालय खुलेपछि कार्यक्रम आयोजना गरिने उहाँले जानकारी दिनुभयो।

आईएलओले विश्वव्यापी समुदायलाई बालश्रम उन्मुलन गर्न र आधुनिक दासत्व र मानव बेचबिखनलगायत अन्त्य गर्न तत्काल प्रभावकरी कदम चाल्ने र बालश्रम निषेध र उन्मुलनक लागि सन् २०२५ सम्म सबै प्रकारका बालश्रम अन्त्यका लागि कदम चाल्न जोड दिएको छ। विडम्बना राज्यले प्रभावकारी कदम चाल्न नसक्दा बालश्रम रोक्न सकिएको छैन। बालश्रम रोक्न चुनौतीपूर्ण देखिन्छ।

हेटौंडा उपमहानगरकाले २०८० मंसिरसम्म बालमैत्री स्थानीय शासनयुक्त पालिका घोषणा गर्ने अभियान थालेसँगै श्रमिक बालबालिकाको उद्दार र पुनर्स्थापनाको कार्य १९ वटै वडामा अघि बढिरहेको छ। तर राज्यले बालश्रमिकको आधारभूत आवश्यकता परिपूर्ति र जिम्मेवारी लिन नसक्दा बालश्रम न्यूनीकरण हुन कठिन छ। बालमैत्री नगर सहजकर्ता सपना ढुंगानाले उक्त अभियानलाई निरन्तरता दिने बताउनुभयो।

## 'अब वर्षा हुन्छ, गर्मीबाट राहत मिल्छ'

काठमाडौंः अब विस्तारै बदलीको दिन बढ्ने र गर्मीबाट राहत मिल्ने मौसमविदले जनाएका छन् । मौसमविदहरुका अनुसार आइतबार कोशी, मधेश, बागमती र गण्डकीमा हल्कादेखि मध्यम वर्षाको सम्भावना छ । तराईका जिल्लाहरुमा पनि तापक्रम नबढ्ने पूर्वानुमान छ ।

जल तथा मौसम विज्ञान विभागको मौसम पूर्वानुमान महाशाखाका अनुसार हाल नेपालमा पश्चिमी वायुका साथै बंगालको खाडीको जलवाष्पयुक्त हावा र भारतको बिहार आसपास भएको न्यून चापीय क्षेत्रको आंशिक प्रभाव छ । 'त्यसैले तराईका भू–भागहरुको अधिकतम तापक्रम नबढ्ने देखिन्छ', महाशाखाले जारी गरेको मौसमी बुलेटिनमा लेखिएको छ, 'कोशी प्रदेश, बागमती प्रदेश र गण्डकी प्रदेशका थोरै स्थानहरुका साथै मधेश प्रदेशलगायत देशका बाँकी पहाडी भू–भागका एक–दुई स्थानमा मेघ–गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको छ ।'

शनिबार रातिदेखि नै कोशी प्रदेशलगायत देशका पहाडी भू–भागमा आंशिक बदलीको अवस्था छ । कोशी प्रदेशको विराटनगरमा शुक्रबारदेखि नै तापक्रम घटेको थियो । बिहीबार विराटनगरको अधिकतम तापक्रम ४२.६ डिग्री सेल्सियस पुगेकोमा शनिबार ३५.३ मापन भएको थियो ।

वरिष्ठ मौसमविद शान्ति कँडेलका अनुसार अब क्रमशः बदलीको दिन बढ्नेछ र वर्षा पनि हुने छ । त्यसकारण तापक्रम पनि घट्ने हुँदा गर्मीबाट राहत मिल्नेछ । सोमबार र मंगलबार कोशी, बागमती र गण्डकी प्रदेशका थोरै स्थानहरुमा तथा मधेश प्रदेशलगायत बाँकी प्रदेशका पहाडी भू–भागका एक–दुई स्थानमा मेघ–गर्जन/चट्याङसहित हल्कादेखि मध्यम वर्षाको सम्भावना रहेको महाशाखाले जारी गरेको मौसमसम्बन्धी बुलेटिनमा उल्लेख छ । (स्रोतः अनलाइनखबर)

## कालीकोट जिप दुर्घटनामा ३ जनाको मृत्यु

काठमाडौंः कालीकोटमा जिप दुर्घटना हुँदा तीन जनाको मृत्यु भएको छ । शुभकालिका गाउँपालिका–६ चिसापानीस्थित बेहुली पानतडी सडकखण्डको चौकी बजारबाट हाउडीतर्फ जाँदै गरेको लु १ च ८४९८ नम्बरको जिप शनिबार राति साढे ११ बजे दुर्घटना भएको हो ।

दुर्घटनामा जिपका चालक शुभकालिका–२ भर्ताका ३० वर्षीय हर्के कामी, वडा नं. ८ का ३१ वर्षीय रामबहादुर शाही र दैलेख नौमुलेका २५ वर्षीय गोपाल सलामी मगरको मृत्यु भएको जिल्ला प्रहरी कार्यालय कालीकोटका डीएसपी जयश्वर रिमालले जानकारी दिए । जिप सडकबाट १५० मिटर तल खसेको छ । दुर्घटना के कसरी भएको हो भन्नेबारे खुलेको छैन । अनुसन्धान सुरु गरिएको प्रहरीले जनाएको छ । स्रोतः अनलाइनखबर ।

हाम्रो सुमो सेवा-२ को

काउन्टर सरेको जरुरी सूचना



हेटौंडा-काठमाडौं सुरक्षित, भरपर्दो र गुणस्तरीय सेवा दिँदै आएको यस हाम्रो सुमो सेवा-२ को काउन्टर हेटौंडा-४, अजरअमररोडबाट हेटौंडा-१०, मेनरोड कपुर कल्प्लेक्सअगाडि मिति २०८० साल जेठ १८ गते बिहिबारदेखि सरेको जानकारीका लागि सम्पूर्णमा अनुरोध गरिन्छ। नयाँ स्थानमा थप सुविधा र सहजताका साथ तपाईंको सेवामा हामी सदैव समर्पित रहने प्रतिवद्धता समेत व्यक्त गर्दछौं ।

**हाम्रो सुमो सेवा-२**

**हेटौंडा-१०, मेनरोड (कपुर कम्प्लेक्स अगाडि)**

**०५७-५२५९८८/५२३९८८**

**हटलाइन: ९८५५०-७२२८८**

स्वादिष्ट नेवारी खाजा




अब

होटल बासुकला (फास्टफुड) मा

स्वादका पारखीको विश्वास जित्दै २५ बर्षदेखि निरन्तर सेवामा समर्पित स्वादिष्ट नेवारी खाजा घरमा स्वागत गर्दछौं ।

नेवारी खाजा सेट, म:म, चाउमिन, बारा, योमरी लगायतका खाजा खान हार्दिक स्वागत गर्दछौं ।

होम डेलिभरीको पनि सुविधा रहेको जानकारी गराउँदछौं ।

०५७-५२६०१३

सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटी म्यानेजमेन्ट

प्रोफेशनल स्किल एण्ड ट्रेनिङ डिपार्टपेन्ट



शैक्षिक सत्र २०८० देखि यस सोलिड्यारिटी इन्टरनेशनल एकेडेमी कलेज अफ होटल एण्ड हस्पिटालिटीका लागि कक्षा ११ मा अध्ययन गर्न इच्छुक विद्यार्थीका लागि कक्षाहरु सञ्चालन गरिँदैछ । अभिलेखीकरण र थप जानकारीका लागि यसै कलेजको कार्यालयमा सम्पर्क गर्नुहोला ।

**सम्पर्क**

**०५७-५२१२७२/९८०१०६८६४१/९८४८८२८२७७**

गुणस्तरीय अनि विश्वसनीय प्रयोगशाला

QRL (Qualified Reference Lab)

हामीकहाँ थाइराइड, बायप्सी, रुटिन टेस्ट, भिटामिन जाँच, क्यान्सर मार्करलगायत प्रयोगशाला सेवा रहेका छन्। हरेक महिनाको अन्तिम शनिबार थाइराइड परीक्षणमा ५० प्रतिशत छुट, फास्टिङ तथा पीपीमा सुगर टेस्ट फ्रि ।



सम्पर्क
०५७-५९०९७७
QRL (Qualified Reference Lab)
हेटौंडा-१, ब्लडबैंकअगाडि

# सम्पादकीय

## बढ्दो सवारी दुर्घटना

मुलुकको सबैभन्दा बढी प्रभावकारी यातायात भनेको सडक यातायात नै हो । देशभर सडक सञ्जाल र सवारी साधनको संख्या वृद्धि हुँदै जाँदा सडक दुर्घटना पनि बढ्दै गएको छ । बढ्दो सवारी दुर्घटनाले निम्त्याइरहेको क्षति चिन्ताजन बनिरहेको छ । दिनहुँ देशका विभिन्न भागमा सयौं सडक दुर्घटना हुने गरेको छ । सडक दुर्घटनामा परेर दर्जनौं मानिसले ज्यान गुमाउनु परिरहेको छ भने घाइतेको संख्या उत्तिकै छ । सडक दुर्घटना डरलाग्दो गरी बढेका कारण आम मानिसको यात्रा सुरक्षित बन्न सकिरहेको छैन । सार्वजनिक तथा निजी, दुईपाङ्ग्रे तथा चारपाङ्ग्रे, यात्रुबाहक तथा मालबाहक सबै प्रकारका सवारी साधन दुर्घटना हुने गरेका छन् । बागमती प्रदेशमा पनि सडक दुर्घटनाको संख्या वर्षेनि बढ्दै गएको छ । भएका सडक स्तरीकरण र फराकिलो हुन नसक्नु, सडकमा सवारी साधन वृद्धि हुँदै जानु, ग्रामीण क्षेत्रमा जथाभावी सडक निर्माण गरी सवारी सञ्चालन गरिँदा दुर्घटनामा वृद्धि भइरहेको छ ।

बागमती प्रदेशका १० वटा जिल्लामा सवारी दुर्घटना १५ प्रतिशतले बढेको प्रहरीको तथ्यांक छ । गत आर्थिक वर्षको साउनदेखि जेठसम्म एक हजार ३८ सवारी दुर्घटना भएकोमा चालु आर्थिक वर्षको जेठसम्म एक हजार एक सय ९४ सवारी साधन दुर्घटनामा परेको प्रहरीको तथ्यांक छ । बागमती प्रदेश प्रहरी कार्यालयले बुधबार पत्रकारसँग अन्तरक्रिया गर्ने क्रममा चालु वर्षको प्रगति विवरण सार्वजनिक गर्दै सवारी दुर्घटना बढेको तथ्यांक सार्वजनिक गरेको हो । सवारी दुर्घटनामा गतवर्ष ३ सय ७० जनाको मृत्यु भएकोमा चालु आर्थिक वर्षमा २ सय ६१ जनाको मृत्यु भएको बताइएको छ । सवारी दुर्घटनामा गतवर्ष ३ हजार ५ सय ८१ जना घाइते भएकोमा चालु आर्थिक वर्षमा २ हजार ५ सय १८ जना घाइते भएका छन् । सवारी दुर्घटना बढेता पनि मृत्यु हुनेको संख्या र घाइतेको संख्या भने घटेको छ । दुर्घटनामा मृत्यु हुने र घाइतेको संख्या घट्नुमा ठूला सवारी दुर्घटना कम भएको र साना दुईपाङ्ग्रे सवारी धेरै दुर्घटनामा परेको प्रहरीको भनाई छ ।

देशभर सडक यातायातको साधन दुर्घटनाबाट वर्षेनि करिब ४ हजार जनाले ज्यान गुमाउने गरेको पाइन्छ । सवारी दुर्घटनाका कारण वर्षेनि दश हजारभन्दा बढी घाइते हुने गरेका छन् । सवारी दुर्घटनाबाट हुने आर्थिक क्षतिको कुनै हिसाबकिताब पाइँदैन । सडक दुर्घटनाका धेरै कारण भए पनि त्यसबाट हुने क्षति भने एकै प्रकारका छन् । दुर्घटनाको प्रमुख कारण मानवीय लापरबाहीलाई मान्ने गरिएको छ । सडक दुर्घटनाका कारणहरुमध्ये सबैभन्दा बढी चालकको लापरबाही देखिएको छ भने दोस्रोमा तीव्र गतिमा चलाइने सवारी रहेको प्रहरीको निष्कर्ष छ । सडक दुर्घटनाको अन्य प्रमुख कारणमा मादक पदार्थ सेवन (मापसे) र ओभरटेक रहेको प्रहरीको तथ्यांकले देखाएको छ । सवारी दुर्घटनाका मुख्य कारण मानवीय त्रुटी नै रहेको यसले पुष्टिसमेत गर्दछ । सडकको अवस्थाअनुकूल सवारी साधन नहुनु र क्षमताभन्दा बढी भार तथा यात्रु बोक्नु पनि दुर्घटनाका कारण मान्ने गरिएको छ । ट्राफिक नियमको पालना नगर्दा र सडक सुरक्षालाई बेवास्ता गर्दा सवारी दुर्घटनाको दर बढेको हो ।

अधिकांश सडक सवारी दुर्घटनामा मानवीय त्रुटी मुख्य कारण देखिएकाले दुर्घटना न्यूनीकरणका लागि सवारी चालकहरु नै बढी सचेत बन्नुपर्ने हुन्छ । सवारी दुर्घटना बढ्दै जानुले हामीले प्रयोग गर्ने सडक सुरक्षित छैन भन्ने पुष्टि गर्दछ । सडकलाई सुरक्षित बनाएर सवारी दुर्घटना न्यूनीकरण गर्नु सबै सरोकारवालाको कर्तव्य हो । सडक यातायात नै निर्विकल्प भइरहेको अहिलेको अवस्थामा सुरक्षित सडक बनाउनु आवश्यक छ । यसका लागि तीनै तहको सरकारले सुरक्षित सडकका लागि आवश्यक नीति, नियमको तर्जुमा गरी प्रभावकारी कार्यान्वयन गराउनुपर्छ । यातायात क्षेत्रमा देखिएका चरम लापरबाहीको अन्त्यबाटै दुर्घटना न्यूनीकरणको सुरुवात गर्नुपर्छ । यसका लागि यातायात व्यवसायी, चालक, यात्रु तथा सरकारी निकाय सबैले गम्भीर भएर आफ्नो कर्तव्य पालना गर्नु आवश्यक छ ।

## महत्वपूर्ण फोन नम्बरहरु

| | |
|---|---|
| जिल्ला प्रशासन कार्यालय ५२०४९५ | फापरबारी इलाका ६२१९८० |
| जिल्ला प्रहरी कन्ट्रोल १०० | चित्लाङ इलाका ६२१००० |
| ट्राफिक प्रहरी १०३ | वारुण यन्त्र १०१ |
| वडा प्रहरी ५२०२९९ | बालबालिका खोजतलास केन्द्र १०४ |
| पशुपतिनगर इलाका ५२०५९८ | बाल हेल्पलाइन १०९८ |
| मनहरी इलाका ९८५५०९०१६१ | हेलो सरकार ११११ |
| भीमफेदी इलाका ६९१४६२ | नेपाल टेलिकम सोधपुछ १९७ |
| पालुङ इलाका ६२०४६७ | |

## तपाईको राशिफल



पं. ज्योतिषः तोयानाथ सुवेदी
ॐ तुलसी मेडीकल हल, हेटौंडा-८, कमाने
सम्पर्क : ९७४५०२८५५५

**मेष** : क्रोध र लोभ बढ्न सक्ने समय योग छ ।
**वृष** : धार्मिक र सामाजिक क्षेत्रका काममा सरिक ।
**मिथुन** : आर्थिक पक्षमा क्रमशः सुधार आउने छ ।
**कर्कट** : शत्रुको दबाब र झमेला आइपर्ने समय छ ।
**सिंह** : व्यापार–व्यवसायबाट लाभ बढ्न सक्ला ।
**कन्या** : स्वास्थ्य समस्या र चोटपटक बढ्न सक्छ ।
**तुला** : चोटपटक र दुर्घटनाबाट बच्नु बचाउनु पर्ला ।
**वृश्चिक** : विपक्षीको मन कमजोर रहने समय योग छ ।
**धनु** : दीर्घकालिन योजना बन्ने समय योग रहेको देखिन्छ ।
**मकर** : आफन्त र मित्रबाट त्यति सहयोग प्राप्त नहोला ।
**कुम्भ** : नयाँ कार्यको जिम्मेवारी प्राप्त हुने समय योग छ ।
**मीन** : बोलीमा नियन्त्रण राख्दा राम्रो रहने समय योग छ ।

# बालश्रम अन्त्यका लागि शिक्षामा सुनिश्चितता

**सन्दर्भः अन्तर्राष्ट्रिय बालश्रम शोषण बिरुद्धको दिवस**



✍ **पकाश खतिवडा**

यस वर्षको अन्तर्राष्ट्रिय बालश्रम शोषण विरुद्धको दिवसको नारा "सवैका लागि सामाजिक न्याय, बालश्रम अन्त्य गरौं ।" भन्ने रहेको छ । श्रम मानव जीवनको अभिन्न अंग हो । श्रम बिना मानव जीवनको प्रगति सम्भव छैन । मानव जीवनको प्रगतिको आधार श्रम भएकोले मानव जीवनमा श्रमको असाध्यै महत्व हुन्छ । श्रम गर्न मानिस शारीरिक र मानसिकरुपमा परिपक्व चाहिँ हुनु पर्दछ । परिपक्व दक्ष व्यक्तिबाट गरिएको उत्पादन गुणस्तरीय हुनुका साथै सर्वस्विकार्य समेत हुन्छ । यदि श्रमबजारमा वयश्कको सट्टा बालबालिका प्रयोग गरियो भने यो बालश्रम शोषण हुन जान्छ ।

विद्यालय जाने उमेरका बालबालिका श्रममा प्रयोग हुनु भनेको ति बालबालिकाको शारीरिक विकास, मानसिक विकास, वौद्धिक विकास र संवेगात्मक विकासमा नकारात्मक असर पर्न जान्छ । हाम्रो समाजको बालश्रम प्रतिको त्रुटिपूर्ण बुझाइका कारणले पनि बालश्रम अन्त्य हुन नसकिरहेको अवस्था छ । समुदायमा देखिएको बालश्रम शोषण प्रगतिशील समाजको लज्जा र चिन्ताको विषय बन्नु पर्दछ । समाजका विपन्न र अचेत वर्गमा समेत बालश्रमको नकारात्मक असरको बारेमा सचेतना जागृत हुँदै गएको र समाजका प्रबुद्ध वर्ग बालश्रम अन्त्य गर्ने अभियानमा क्रियाशील भएको पाइएकोले अब नेपालबाट बालश्रम अन्त्य हुन्छ भन्ने आशा जागेको छ ।

विश्व श्रमबजारमा बालश्रमको व्यापक प्रयोग रहेको र बालश्रमकै कारण बालबालिकामा परेको नकारात्मक असर अन्त्य गर्दै जाने उद्देश्यले अन्तर्राष्ट्रिय श्रम संगठन (आईएलओ) को आव्हानमा सन् २००२ देखि बालश्रम बिरुद्धको विश्व दिवस मनाउन थालिएको ईतिहास छ । विगतको तुलनामा नेपालमा बालश्रम घट्दै जानु खुसीको कुरा हो तर निमिट्यान्न भने पार्न सकिएको छैन । पछिल्लो तथ्यांकअनुसार नेपालमा ११ लाख बालबालिकाहरु श्रममा संलग्न रहेको पाईन्छ । बालश्रमको बारेमा खण्डीकृत तथ्यांकको भने अभाव देखिन्छ । यस्ता तथ्यांक अद्यावधिक हुन नितान्त आवश्यक छ ।

शिक्षा पाउनु प्रत्येक व्यक्तिको आधारभूत मानवअधिकार हो । नेपालको संविधानको धारा ३१ ले नै हरेक नागरिकले राज्यबाट आधारभूत शिक्षा अनिवार्य र माध्यमिक तहसम्मको शिक्षा निशुल्क पाउने मौलिक हकमै व्यवस्था गरेको छ । विद्यालय जाने उमेरका बालबालिकालाई अभिभावकले विद्यालय नपठाउनु र विद्यालय छोड्ने दर बढ्दै जानु नै बालश्रमको श्रोत रहेको हुँदा यस क्षेत्रमा काम गर्नुपर्ने ठाउँ देखिन्छ । बालबालिकाको गुणस्तरीय शिक्षामा समातामुलक पहुँच र अर्थपूर्ण सहभागिताका लागि सबै बालबालिका पूर्ण समय अनौपचारिक दिवा विद्यालयमा हुनु पर्दछ भन्ने मुल्य स्थापित गरी अभियानको आवश्यकता देखिन्छ ।

विशेषगरी अन्तर्राष्ट्रिय बालश्रम शोषण विरुद्धको दिवसमा श्रमिक बालबालिकाको आवाज सुन्ने र उनिहरुको सर्वोत्तम हितको सवालमा छलफल गर्ने, बाल संरक्षणको प्रवर्धन गर्ने, श्रमिक बालबालिकालाई रमाइलो वातावरण दिने दिनको रुपमा लिईन्छ । बालश्रमिकका समस्याहरु कसलाई सुनाउने ? कसले सुनेर के गर्ने ? अन्योलको अवस्था छ । श्रमिक बालबालिकाहरुले के कस्तो समस्या भोगिरहेका छन् ? ति समस्याको कसरी समाधान गर्ने ? समाधानका लागि प्रभावकारी पहल के कस्तो हुन सक्दछ भन्ने बारेमा अब बहसको विषय बन्नु पर्दछ ।

बालबालिका आफ्नो बारेमा बोल्न र भन्न सक्दैनन् तर उनिहरुको अधिकार र कर्तव्यको बारेमा बोल्नु वयश्कको दायित्व हो । हामी नागरिक समाजका जिम्मेवार नागरिकले बालबालिकाको अधिकार र कर्तव्यको बारेमा धारणा राखी आफ्नो कर्तव्य निर्वाह गर्नु पर्दछ भन्ने लाग्दछ । भावी चुनौतीहरुको सामना गर्दै समाज र देशलाई विकासको पथमा अगाडि बढाउन सक्ने नागरिक भनेको आजका बालबालिका नै हुन् । भोलिको देशको संवाहक मानिने आजका बालबाािकालाई बालश्रममा प्रयोग गरी अदक्ष नागरिक उत्पादन गर्दै जाने हो भने नेपालको समृद्धि सपना मात्र हुन जानेछ । ति बालबालिकाको बालअधिकार हनन् भयो भने वा तिनको संरक्षणको हकबाट कुण्ठित भए भने भावी पुस्ता कस्ता हुने हुन सम्झँदै कहालि लाग्दछ । बालबालिकाविरुद्ध हुने सबै प्रकारका हानी वा जोखिमहरूबाट उनीहरूलाई संरक्षण गर्नु बालसंरक्षण हो । अर्को शब्दमा, बालबालिकाको शारीरिक, मानसिक, संवेगात्मक, सामाजिक, नैतिक तथा बौद्धिक विकासमा गम्भीर नकारात्मक असर पर्ने खालका कुनै पनि कार्य वा व्यवहारबाट उनीहरूलाई जोगाउनु नै बालसंरक्षण हो ।

नेपालमा बाल संरक्षणको सवालमा कार्यरत संस्थाहरुको छाता सञ्जालको रुपमा रहेको राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपालले बालबालिकाको संरक्षणको अधिकार सुनिश्चितताका लागि क्रियाशील भइरहेको छ । सातै प्रदेशमा संगठन विस्तार गरी प्रदेश सरकार र सबै स्थानीय सरकारलाई बालश्रममुक्त घोषणा गराउने, बाल संरक्षणको सवालमा रचनात्मक कार्यक्रम र नीतिगतरुपमा परित गर्नुपर्ने नीतिहरु र सरकारबाट यसअघि पारित नीति-नियमको सफल कार्यान्वयनको सवालमा आवाज उठाउने कार्य गरिरहेको छ । सञ्जालले विशेष रुपमा बालबालिकासम्बन्धी ऐन २०७५ अनुरुप बालश्रम, बाल संरक्षण प्रणाली र विपद्मा बाल संरक्षण विषयमा रणनैतिक योजना बनाएर कार्य गरिरहेको छ । उक्त मुद्दालाई मूर्तरुप दिन प्रदेश समिति गठन गरी प्रादेशिक मुद्दा समेतको आधारमा तत् तत् प्रदेशमा प्राथमिकीकरण गरी कार्य गर्ने समेत कार्ययोजना निर्माण भए अनुरुप कार्यको थालनी गरेको छ । यसका लागि महिला बालबालिका तथा ज्येष्ठ नागरिक मन्त्रालय, श्रम मन्त्रालय र राष्ट्रिय बालअधिकार परिषद् अत्यन्तै सकारात्मक देखिएको छ । बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले संघीयता चिन्दैन तसर्थ समय सापेक्ष बालश्रम अन्त्यका लागि देखिएको जटिलता अन्त्य गर्न ऐनलाई नै संशोधन गर्न हामी पैरवी र वकालय गर्ने कार्यमा क्रियाशील छौं । ऐनको संशोधन र बालश्रम निवारणसम्बन्धी राष्ट्रिय गुरुयोजना (२०७५-२०८५) को सफल कार्यान्वयन गर्न सहकार्यका लागि सम्बद्ध निकाय र प्रबुद्ध वर्गलाई हार्दिक अपिल समेत गर्दछौं ।

श्रममा संलग्न बालबालिकालाई बाल दूर्व्यवहार भएको प्रसस्त घटना पाईन्छ । बाल दूर्व्यवहार अन्तर्गत भावनात्मक दूर्व्यवहार, शारीरिक दूर्व्यवहार, यौन दूर्व्यवहार, बेवास्था वा उपेक्षा/हेलचेक्र्याइ, मौखिक दूर्व्यवहार आदि पर्दछन् जुन श्रममा संलग्न बालबालिकाहरुले भोगीरहेका छन्। रोजगार दाताबाट भएको त्यस्तो किसिमको दूर्व्यवहारबाट उनीहरुलाई मनोसामाजिक समस्या परिरहेको पनि प्रशस्त उदाहरणहरु पाइनुका साथै स्वयम् श्रमिक बालबालिकाहरुले पनि आफुले भोगिरहेको पीडा बताउँदै आएका छन् ।

वास्तवमा बालबालिकालाई सामाजिक वा आर्थिक लाभका लागि श्रममा संलग्न गराउनु नै बालश्रम हो । नेपालमा कानुनले बालबालिकालाई उमेरका आधारमा स्वीकार्य र अस्वीकार्य कामहरु तोकेको छ । अर्थात १४ वर्ष उमेर नपुगेका बालबालिकालाई कुनै पनि श्रममा लगाउन नपाइने व्यवस्था रहेको छ । श्रम कार्यालयको स्विकृतीमा १६ वर्ष पूरा गरेका बालबालिकालाई प्रक्रिया पुऱ्याएर हप्ताको ६ दिन दैनिक ६ घण्टा मध्ये प्रत्येक तीन घण्टा काम गरेपछि आधा घण्टा विश्राम पाउने गरी नेपालको कानूनमा उल्लेख रहेको छ । बालश्रम निषेध र नियमित गर्ने ऐन २०५६ ले तोकेको काममा लगाउन पाउने प्रावधान रहेको छ ।

कानूनले तोकेको भन्दा कम उमेरका बालबालिकालाई श्रममा संलग्न गराउनुलाई बालश्रम शोषण भनिन्छ । बालश्रम शोषण गर्नु कानुनी र सामाजिक अपराध हो । नेपालको सन्दर्भमा १८ वर्ष मुनिका बालबालिकाले उनीहरुको स्वास्थ्य, शारीरिक, मानसिक, बौद्धिक, नैतिक तथा सामाजिक विकासमा नकारात्मक प्रभाव पर्ने गरी तथा उनीहरुको शिक्षा प्राप्त गर्ने अधिकार कुण्ठित हुने गरी गरिने काम बालश्रम हो । बालबालिकालाई सामाजिकीकरण गर्न, सीपहरु सिक्न, सिकाउनका लागि तथा उनीहरुको संरक्षण हुने गरी आफ्नै घरमा वा विद्यालयमा वा समाजमा गरिने काम जसले उनीहरुको शारीरिक, मानसिक विकासमा नकारात्मक असर गर्दैन भने त्यसलाई बालश्रम भनिँदैन । यस्ता कामहरुले बालबालिकालाई कुनै पनि अन्तर्राष्ट्रिय कानूनहरुले सुनिश्चित गरेका अधिकारहरुमाथि हस्तक्षेप गर्दैनन् ।

बालबालिकामा खर्च होईन लगानी गर्नु पर्दछ भन्ने बारेमा सचेत हुनु पर्दछ । राज्यको तीनै तहमा बालबालिकाको क्षेत्रमा लगानी गर्ने लगानी योजना हुनु पर्दछ । सबै स्थानीय तहको बाल संरक्षण नीति बन्नु पर्दछ । हरेक गाउँपालिका र नगरपालिका बालमैत्री हुनु पर्दछ । जस्का लागि योजनाबद्ध लक्ष्य र कार्ययोजना हुनु पर्दछ । आवाजबिहिन बालबालिकाको आवाजहरु बुलन्द गर्न सकिएको छैन । कानुनको कार्यान्वयनको अभावले कानुन निरिह बन्दै गइरहेको आभाष हुँदैछ । तर हामी सरोकारवालाहरुको क्रियाशीलतामा श्रमिक बालबालिकाको शिक्षाको अधिकार सुनिश्चित गर्दै बालश्रम शोषण अन्त्य गरी बाल अधिकारको सम्मानका लागि पैरवी गरिरहेका छौं । बालश्रम अन्त्यका लागि श्रममा भएका बालबालिकाको कुरा सुन्नु सबैको जिम्मेवारी हो । तसर्थ श्रममा भएका बालबालिकाको कुरा सुन्ने प्रणालीको विकास गर्दै श्रमिक बालबालिकाको सर्वोत्तम हितको सुनिश्चित गरी बालश्रम अन्त्य गर्नु आजको आवश्यकता हो ।

(अध्यक्ष, बाल कल्याण समाज मकवानपुर/केन्द्रीय अध्यक्ष, राष्ट्रिय बाल संरक्षण सञ्जाल नेपाल)

# बालबालिकालाई निमोनिया भएको कसरी थाहा पाउने ?



✍ **सुमित्रा लुईटेल**




छाती वा फोक्सोमा संक्रमण बढ्दा निमोनिया हुन्छ। निमोनिया भएपछि खोकी, ज्वरो र सास फेर्न गाह्रो हुने संकेत देखिन्छ। यो रोग जुनसुकै उमेरका मानिसलाई लाग्ने भए पनि नवजात शिशु र साना बालबालिकामा यो गम्भीर हुन सक्छ ।

बालबालिकाले आफ्नो समस्या खुलेर बताउन नसक्ने भएकाले निमोनियाको लक्षण अभिभावकहरूले ख्याल गर्नुपर्छ । बच्चामा निमोनिया भएको छ र समयमा उपचार भएन भने समस्या जटिल बन्न सक्छ। त्यसैले बालबालिकालाई निमोनिया भएको कसरी थाहा पाउने ? उनीहरूलाई निमोनियाबाट कसरी बचाउनेलगायत विषयमा कान्ति बाल अस्पतालका छाती तथा एलर्जीरोग विशेषज्ञ डा. जगतजीवन घिमिरेसँग गरिएको कुराकानीको सम्पादित अंश :

### बालबालिकामा निमोनिया हुने कारण के के हुन् ?

जन्मिंदा आवश्यक खोप नपाएका बालबालिकालाई निमोनिया हुने सम्भावना बढी हुन्छ । साथै बालबालिकामा निमोनियाका धेरैजसो केसहरु ब्याक्टेरिया वा भाइरल संक्रमणका कारण हुने गर्छ ।

बच्चा र वृद्धवृद्धाको रोगप्रतिरोधात्मक क्षमता कमजोर हुन्छ, त्यसैले पनि निमोनियाको समस्या हुन्छ। बाहिरी तथा भित्री वायु प्रदूषण भएको ठाउँमा बच्चा लामो समय बस्छन् भने त्यसले पनि निमोनिया हुन्छ ।

बच्चाको श्वासनलीमा अवरोध भएमा जन्मजात दोष भएमा निमोनिया हुन सक्छ। लामो समयदेखि रुघा लागिर हने बच्चामा पनि निमोनियाको समस्या

...बाँकी पृष्ठ ३ मा

# बाख्रापालक महासंघको बिरोध प्रदर्शनसँगै ज्ञापनपत्र

समाज संवाददाता

हेटौंडाः नेपाल व्यावसायिक बाख्रापालक महासंघ मकवानपुरले बिरोध प्रदर्शनसँगै जिल्ला प्रशासन कार्यालयमार्फत् प्रधानमन्त्रीलाई ज्ञापनपत्र बुझाएको छ । अइतबार महासंघ मकवानपुर अध्यक्ष विवेक सुवेदीको नेतृत्व, महासंघ केन्द्रीय अध्यक्ष गोबिन्द सुवेदीको प्रमुख उपस्थिति र अन्य बाख्रापालक व्यवसायीहरुको उपस्थितिमा सहायक प्रमुख जिल्ला अधिकारी नेत्रप्रसाद शर्मालाई ज्ञापनपत्र बुझाइएको हो ।

महासंघले सरकारले पशुपछी तथा बाली बीमाको प्रिमियम शुल्क बीमा कम्पनीहरुलाई भुक्तानी नदिएको र बीमा कम्पनीहरुले बीमा गर्न र दावी भुक्तानी दिन बन्द गरेको विरुद्धमा बिरोध प्रदर्शनसँगै ज्ञापनपत्र बुझाएको हो । बिरोध प्रदर्शनको क्रममा बाखापालक व्यवसायीहरुले ब्यानर, प्लेकार्ड बोकेर नारा लगाएका थिए ।

प्रदर्शनकारीहरुले बीमाको दावी भुक्तानी समयमा नै दे, सबै उमेर र अवस्थाका पशुपछीको बीमा गर, कृषि तथा पशुपछीजन्य उत्पादनको बजार सुनिश्चित गर, बीमा गर्दा उचित मूल्य कायम गर, किसानको समस्या समाधान गर, खरिद मूल्यमा बीमा गर र हामी किसान राष्ट्रको शान भन्दै नारा लगाएका थिए ।

सरकारले बीमा कम्पनीलाई दिने अनुदान रकम नदिएपछि बीमा कम्पनीले किसानलाई भुक्तानी नदिएको भन्दै ३० बुँदे ज्ञापनपत्र बुझाइएको हो । ज्ञापनपत्र बुझ्नुहुँदै सहायक प्रमुख जिल्ला अधिकारी शर्माले ज्ञापनपत्र प्रधानमन्त्री कार्यालयसम्म पुऱ्याउने प्रतिबद्धता जनाउनुभयो ।

# टेस्लाको कार ४१ लाख सस्तो भयो

काठमाडौंः नेपाली बजारमा टेस्लाको नयाँ मूल्य सार्वजनिक भएको छ। टेस्लाको आधिकारिक बिक्रेता आरित इन्टरनेसनलले आर्थिक वर्ष २०८०/८१ को बजेटपछि भर्खरै नयाँ मूल्य सार्वजनिक गरेको हो । कम्पनीका अनुसार टेस्ला मोडेल वाई लङ रेञ्ज भरियन्टको मूल्य ४१ लाखले घटेको छ। यसअघि सो मोडेलको मूल्य दुई करोड ४० लाख रहेकोमा कम्पनीले घटाएर एक करोड ९९ लाख रुपैयाँ राखेको हो ।

यसमा ७५ किलोवाट प्रति घण्टा क्षमताको ब्याट्री र २९१ किलोवाट क्षमताको मोटर राखिएको छ । ४.६ सेकेन्डमा शून्यदेखि १०० किलोमिटर प्रति घण्टाको गति समात्न सक्ने यो मोडेलले एक पटकको फुल चार्जमा ५२५ किलोमिटर रेञ्ज दिने कम्पनीको दाबी छ। अर्थमन्त्री डा. प्रकाशशरण महतले पेश गरेको बजेटमा १०० देखि २०० किलोवाट क्षमताका विद्युतीय गाडीको भन्सार महशुल ३० प्रतिशतबाट घटाएर १५ प्रतिशत र अन्तशुल्क ३० प्रतिशतबाट घटाएर २० प्रतिशतमा झारिदिएका थिए । यसैगरी २०० देखि ३०० किलोवाट क्षमतामा विद्युतीय सवारीमा ४५ प्रतिशत भन्सार र ४० प्रतिशत अन्तःशुल्क लगाइएको छ।

यसमा ५ प्रतिशत अन्तःशुल्क घटेको छ । कम्पनीले यी रेञ्जभित्र पर्ने आफ्ना तीन ओटा मोडेलको मूल्य घटाएर नयाँ मूल्य सार्वजनिक गरेको हो । कम्पनीका अनुसार टेस्ला मोडेल थ्रीको मूल्य २० लाख रुपैयाँले घटेको छ । यसअघि एक करोड ५५ लाख मूल्य रहेको उक्त मोडेलको नयाँ मूल्य एक करोड ३५ लाख रुपैयाँ कायम भएको छ। यसमा ५४ किलोवाट प्रति घण्टा क्षमताको ब्याट्री र १९८ किलोवाट क्षमताको मोटर रहेको छ ।

कम्पनीका अनुसार यसमा ४.६ सेकेन्डमा शून्यदेखि १०० किलोमिटर प्रतिघण्टाको गति पकड्न सकिन्छ। यसैगरी मोडेल थ्रीले एक पटकको फुल चार्जमा ४५१ किलोमिटर रेञ्ज दिने कम्पनीको भनाई छ । त्यस्तै टेस्ला मोडेल वाईको स्ट्यान्डर्ड भर्सनको मूल्य २६ लाखले घटेको छ । यसअघि सो मोडेलको मूल्य दुई करोड १५ लाख रहेकोमा नयाँ मूल्य एक करोड ८९ लाख रुपैयाँ पर्नेछ। टेस्ला मोडेल वाई स्ट्याण्डर्ड रेञ्ज भरियन्टमा ५४ किलोवाट प्रति घण्टा क्षमताको ब्याट्री र २०९ किलोवाट क्षमताको मोटर दिइएको छ । कम्पनीका अनुसार ६.१ सेकेन्डमा शून्यदेखि १०० किलोमिटर प्रतिघण्टाको गति प्राप्त गर्नसक्ने यो मोडेलले एक पटकको फुल चार्जमा ४०० किलोमिटर रेञ्ज दिने दाबी गरिएको छ ।

स्रोतः टेकपाना ।

## बालबालिकालाई...

देखिन सक्छ ।

**निमोनिया लाग्दा के कस्तो लक्षण देखा पर्छ ?**

बच्चालाई उच्च ज्वरो आएको छ भने यो निमोनियाको लक्षण हुन सक्छ । छातीमा घरघर हुनु वा सास फेर्न गाह्रो हुनु पनि निमोनियाको लक्षण हो ।

छिटो छिटो सास फेर्ने र खोकी लाग्ने, कोखा हान्ने, बच्चा लोसे हुँदै जान र होस कम हुँदै जानेजस्ता लक्षण पनि देखिन्छ। नङ वा ओठको नीलो रंग पनि निमोनियाको लक्षण हुन सक्छ ।

**निमोनियाकै कारण जटिलताहरू पनि निम्तिन सक्छन् ?**

निमोनियाको उपचार समयमै गरिएन भने श्वासप्रश्वाससम्बन्धी जटिलता र अन्य अंगमा पनि जटिलता निम्तिन सक्छ । श्वासप्रश्वास समस्या हुने, शरीरमा अक्सिजनमा कम हुने, फोक्सोमा समस्या देखा पर्ने हुन्छ ।

निमोनियाको कारण शरीरमा अक्सिजनको कमी भएपछि मुटु, मस्तिष्कलगायत अंगहरुमा पनि असर गर्छ । निमोनियाको संक्रमण 'सेप्सिस' फोक्सोबाट शरीरभरि फैलियो भने मिर्गौला र मस्तिष्कमा समस्या देखिन थाल्छ ।

फोक्सोमा पानी र पिप जम्मा हुने लगायत जटिलता पनि निम्तिन सक्छ ।

**के छ उपचार ?**

निमोनियाको उपचार समयमै गरियो भने यसबाट हुन सक्ने जटिलताबाट बच्न सकिन्छ। कुनै बच्चामा श्वासप्रश्वासको समस्या छ भने सबैभन्दा पहिले त्यो निमोनियाको संक्रमण हो कि अन्य संक्रमण हो भनेर पत्ता लगाउनुपर्छ ।

निमोनिया नै हो भन्ने पत्ता लागेपछि एन्टिबायोटिक औषधि खाएर यसको उपचार गरिन्छ । भाइरल निमोनियामा एन्टिबायोटिकले काम नगर्न पनि सक्छ । मानौं इन्फ्लुएन्जाको कारण निमोनिया भएको छ भने इन्फ्लुएन्जाको एन्टिभाइरल चलाउनुपर्‍यो । समयमा उपचार गरियो भने यो छिटो निको पनि हुन्छ ।

**बच्चालाई निमोनियाबाट बचाउने उपाय के छ ?**

नवजात शिशुलाई निमोनियाबाट जोगाउन बीसीजी, डीपीटीलगायत खोप दिनुपर्छ । बच्चालाई रुघा लागेको व्यक्ति र चिसोबाट पनि बचाउनुपर्छ ।

सकेसम्म धुवाँधुलो तथा प्रदूषणबाट बच्चालाई टाढा राख्नुपर्छ । जन्मेको ६ महिनासम्म आमाको दूध मात्र खुवाउनुपर्छ। यसले बच्चाको रोगसँग लड्ने क्षमतालाई बलियो बनाएर निमोनियाबाट पनि बचाउँछ।

बच्चा जन्मको पहिलो तीन महिनामा रोगसँग लड्ने क्षमता कम हुन्छ। धेरैजसो खोप बच्चा जन्मेको तीन महिनापछि मात्र सुरु गरिने भएकोले सकेसम्म बच्चालाई धेरै मानिसको प्रत्यक्ष सम्पर्कमा नराख्ने, भीडभाडमा नलैजानु राम्रो हुन्छ ।

बच्चाको खानपान र पोषणमा ध्यान दिनुपर्छ। जसले गर्दा उसको रोगप्रतिरोधात्मक क्षमता बढ्छ र संक्रमणबाट बच्न सक्छ । कुनै लक्षण देखियो भने जटिलताबाट बचाउन तुरुन्त अस्पताल गएर चिकित्सकको सल्लाह लिनुपर्छ । *(स्रोतः अनलाईनखबर)*


## शिक्षक आवश्यकता

*सुचना प्रकाशित मिति : २०७८/०३/१८ गते*

यस सिद्धार्थ माध्यमिक विद्यालय हेटौंडा २ मा तपसिलमा उल्लिखित करारमा पूर्व प्राथमिक तह बाल कक्षा शिक्षक आवश्यक परेको हुँदा योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट दरखास्त आव्हान गरिएको छ ।

**तपसिल :**

१) विज्ञापन नं: ०१/२०८०/०८१
- पदः शिक्षक
- तह : बाल कक्षा
- नियुक्तिको प्रकारः निजीस्रोत, करार
- आवश्यक संख्याः १ (एक )
- शैक्षिक योग्यताः कक्षा १२ उत्तीर्ण गरी तीन महिने मन्टेश्वरी तालिम पूरा गरेको ।
- उमेरः १८ वर्ष पूरा गरी ४० वर्ष ननाघेको ।
- दरखास्त दिने अन्तिम मिति २०८०/०३/०३ गतेसम्म ।
- दरखास्त दस्तुरः रु ७००/- (सात सय मात्र)
- परीक्षाको किसिमः लिखित, अन्तरवार्ता तथा कक्षा अवलोकन ।
- संपर्क मितिः २०८०/०३/०३ गते दिनको ३:० बजेसम्म ।
- परीक्षा मितिः संपर्क मितिमा तय गरिनेछ ।
- सेवा सुविधाः विद्यालयको नियमानुसार हुनेछ ।

**आवश्यक कागजातहरू**
- नागरिकता प्रमाण पत्रको प्रतिलिपि
- शैक्षिक योग्यताका प्रमाण पत्र प्रतिलिपि
- मन्टेश्वरी तालिमको प्रमाणपत्रको प्रतिलिपि ।

**प्रधानाध्यापक**
**सिद्धार्थ माध्यमिक विद्यालय**
**हेटौंडा २ मकवानपुर**
**सम्पर्क नंः ०५७ ५२०७००**



## शिक्षक आवश्यकता

*प्रथम पटक सुचना प्रकाशित मिति : २०८०/०२/२९ गते*

शिक्षा विकास तथा समन्वय इकाइ मकवानपुर, हेटौंडाको प.सं. २०७९/२०८० च.नं. १२५४ मिति २०८०/०२/२८ को अनुमति अनुसार यस विद्यालयमा रिक्त निमावि तह, तृतीय श्रेणी, नेपाली विषय शिक्षक पदपूर्तिका लागी योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट रितपूर्वकको दरखास्त आह्वान गरिएको व्यवहोरा सम्बन्धित सबैमा जानकारीका लगी अनुरोध छ ।

**विज्ञापन नं. २/२०७९/२०८०**

पदः शिक्षक
माग संख्याः १ (एक)
सेवाको प्रकारः अस्थायी करार
न्यूनतम शैक्षिक योग्यताः मान्यता प्राप्त शैक्षिक संस्थाबाट प्रविणता प्रमाण–पत्र तह वा सो सरहको परीक्षा उत्तीर्ण गरी निमावि तहको अध्यापन अनुमति–पत्र प्राप्त ।
उमेरः १८ वर्ष पूरा भई ४० वर्ष ननाघेको ।
तलब तथा अन्य सेवा सुविधाः नेपाल सरकारको नियमानुसार
छनौटको किसिमः शिक्षक सेवा आयोग नियमानुसार ।
परीक्षा दस्तुरः रु. १५००/–
दरखास्त दिन अन्तिम मितिः शिक्षक सेवा आयोगको सम्बन्धित तह र विषयको करार सूचीमा रहेकाहरुका लागि सात (७) दिन सम्म मात्र र खुल्लाका लागि २०८० असार ११ गते कार्यालय समय भित्र ।
सम्पर्क मितिः २०८० असार १२ गते बिहान ११:०० बजे ।
परीक्षाको मितिः सम्पर्क मितिमा तोकिनेछ ।
आवश्यक कागजातः नेपाली नागरिकता र शैक्षिक योग्यताको प्रमाणपत्रको स्वः प्रमाणित प्रतिलिपी ।
स्वः हस्तलिखित दरखास्त,परीक्षा दस्तुर बुझाएको विद्यालयको नगदी रसिद ।
विशेष ग्राह्यताः खुल्लाको हकमा माथिल्लो योग्यता भएकालाई ।

**नोटः–**
१) शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुलाई दरखास्त पेश हुन आएमा करार सूचीको योग्यताक्रमको आधारमा नियुक्ति प्रदान गरिनेछ ।
२) तोकिएको समयमा शिक्षक सेवा आयोगको करार सूचीमा रहेकाहरुको आवेदन पर्न नआएमा मात्र खुल्ला उम्मेद्वारले दरखास्त दिन सक्नेछ ।

**श्री शारदा माध्यमिक विद्यालय**
मकवानपुरगढी–५, धादिङ
सम्पर्कः प्रधानाध्यापक ९८५५०८८५१३, लेखापाल ९८५५०६९२७०



## VACANCY ANNOUNCEMENT

Siddhasthali Rural Community Hospital (SRCH) is looking for competent, experienced and motivated candidate for the position of Finance Officer who will be responsible for managing accounting system in compliance with SRCH financial policies, procedure & operating policy, and ensuring 100% accuracy & compliance on prevailing laws.

You will be based at Siddhasthali Rural Community Hospital located in Hetauda-6 with field travel as required.

**Key responsibility includes:**
- Prepare/Review/Payment/vouchers/journals/receipt voucher/check and data entry in online software and perform monthly reconciliation.
- Prepare and process staff payroll and final clearance in compliance with HR policy and prevailing remuneration tax calculation of Income tax Act of GON and reconciliation.
- Perform monthly/ quarterly/ year end closing within the given due date along with Bank, Cash and Balance sheet reconciliation.
- Maintain record and receipt for all daily transaction and ensure proper filing system for all financial, legal and banking documents.
- Provide Tax deduction at source to vendors, consultant and staffs as required by prevailing income tax Act of Government of Nepal, submit online ETDS of staff/ service provider/ vendor/ consultant on monthly basis.
- Conduct variance analysis, review/monitor the expenditures and ensure their accurate bookings in online software.
- Assist and facilitate the internal and external auditor including the Hospital Management team.
- Support to promote Internal control environment within organization.
- Facilitate fund request and manage fund flow for office running cost.
- Prepare, coordinate and provide input in preparation of hospital, and project budget.
- Conduct training/orientation for the capacity building of SRCH staffs.
- Manage Inventory, Human Resource and Information.
- Others: Perform any other duties assigned by SRCH.

**Qualification:**
- At least Bachelor Degree in Accounting/Finance along with minimum of 3 years of relevant experience in similar organization. Master Degree in Accounting/Finance is preferrable.

Qualified and interested candidates irrespective of age, gender, race, religion or ethnic affiliation are encouraged to apply for this vacancy.
To apply please email the following documents to siddhasthali.hospital@gmail.com
- Cover letter (Max 1 page) with at least 3 references
- CV (Max 2 page)
- Copy of citizenship
- A4 size Photograph

Only short-listed candidates will be contacted.
Closing date for application will be Sunday, 25 June 2023



## Raksirang Rural Municipality
## Office of The Rural Municipal Executive
Chainpur, Makwanpur
Bagamati Province, Nepal

## INVITATION FOR SEALED QUOTATION

*(Second Date of Publication: 2080/02/29)*

Name and address of the Office: Raksirang Rural Municipality, Office of the Rural Municipal Executive, Chainpur, Makawanpur.

**Sealed Quotation No: PRO/RAK/SQ/05-079/80**

1. The Raksirang Rural Municipality, Chainpur, Makwanpur invites sealed quotation from registered Suppliers for the supply, delivery and installation of ICT LAB Equipment.
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Raksirang Rural Municipality, Chainpur, Makwanpur.
3. A complete set of bidding documents may be purchased from the Raksirang Rural Municipality, Chainpur, Makwanpur by eligible Bidders on the submission of a written application, along with the copy of company/ firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till 2080/03/11 before 12:00 PM.

**For Bid document purchase purpose:**
Name of the Bank : Global IME Bank Ltd., Chainpur Branch
Name of Office : Raksirang Gaunpalika Raksirang, Chainpur
Office Account no. : 36304010000008 (RAKSIRANG GA,PA. ANTARIK RAJASWA KHATA GA-1-1)

4. Sealed bids must be submitted to the office of the Raksirang Rural Municipality, Chanipur, Makwanpur till 2080/03/11 during office hours. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 2080/03/12 at 01:00PM at the office of the Raksirang Rural Municipality, Chainpur, Makwanpur. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of 32,260.00 (Thirty-Two Thousand Two Hundred Sixty Rupees only) which shall be valid for 30 days beyond the validity period of the bid. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Dharauti Account 36304010000002 (RAKSIRANG GA.PA DHARAUTI KOSH KHATA GA-3) at Global IME Bank Ltd., Raksirang and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.
6. If the last date of purchasing and/or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

# पञ्चकन्या माविमा अभिभावक शिक्षा



*अभिभावक शिक्षा कार्यक्रममा सहभागीहरु ।*

समाज संवाददाता

इपा (भीमफेदी): मकवानपुरको भीमफेदी गाउँपालिका-८, इपास्थित पञ्चकन्या माविमा अभिभावक शिक्षा कार्यक्रम भएको छ । विद्यार्थी केन्द्रित शैक्षिक सुधार कार्यक्रमअन्तर्गत दुईदिवसीय अभिभावक शिक्षा कार्यक्रम भएको हो । बागमती प्रदेश सरकारले विद्यार्थी केन्द्रित शैक्षिक सुधार कार्यक्रमको रुपमा विविध क्रियाकलाप गर्न प्रदेशका ६ सय भन्दा बढी विद्यालयलाई कार्यक्रम स्वीकृत गरेको छ ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद अधिकारी, शिक्षक अभिभावक संघका अध्यक्ष सुरेन्द्र खड्का, प्रधानाध्यापक सुरेश कुमार ठकुरीको उपस्थितिमा मकवानपुर बहुमुखी क्याम्पसका सहायक प्राध्यापक एवम् पत्रकार सुरेश श्रेष्ठले सहजीकरण गर्नुभएको थियो । विद्यालयको शैक्षिक क्रियाकलापमा अभिभावकको भूमिका बढाउन र विद्यार्थीलाई अनुकुल वातावरण निर्माण गर्न अभिभावक शिक्षाको कार्यक्रम सञ्चालन गरिएको हो । आइतबार र सोमबार दुईदिन सञ्चालन हुने अभिभावक शिक्षामा अभिभावकको जिम्मेवारी, अभिभावक र शिक्षकको सहकार्यमा विद्यार्थीलाई उपयुक्त शैक्षिक वातावरण निर्माणसम्बन्धमा विशेष प्राथमिकता दिइएको छ ।

अभिभावक शिक्षा कार्यक्रमलाई सम्बोधन गर्नुहुँदै विद्यालय व्यवस्थापन समितिका अध्यक्ष विनोद अधिकारीले विद्यालयमा गुणस्तरीय र समयानुकुल शिक्षा प्रदान गर्न एक शिक्षक, एक ल्यापटप वितरण गरिने जानकारी गराउनुभयो । अध्यक्ष अधिकारीले केहीदिनमै इन्टरनेट जडान भएसँगै शिक्षकले ल्यापटप प्राप्त गरी विद्यार्थीलाई समयानुकुल शिक्षा र ज्ञान प्रदान गर्न सकिने स्पष्ट पार्नुभयो । विद्यालयमा शुद्ध पिउने पानीको पनि व्यवस्था गरिएको उल्लेख गर्नुहुँदै शिक्षकले अब मिहिनेत गरेर विद्यार्थीलाई ज्ञान बाँड्नुपर्ने बताउनुभयो ।

विद्यालयका प्रधानाध्यापक सुरेश कुमार ठकुरीले अभिभावकलाई विद्यालय र विद्यार्थीप्रति ध्यान दिन सम्मान र सचेतनाको कार्यलाई निरन्तर जारी राख्ने बताउनुभयो । विद्यालयले सदैव विद्यार्थी केन्द्रित भएर काम गर्ने उल्लेख गर्नुहुँदै प्रधानाध्यापक ठकुरीले भन्नुभयो, "गुणस्तरीय शिक्षा प्रदान गर्न विद्यालयले सक्दो प्रयास गरिरहेको छ । सूचना र प्रविधिसँग जोडिएर शिक्षकले काम गर्नेछ ।" आफ्नो सेवाक्षेत्रका सवै बालबालिका विद्यालयमा समेटिएको उहाँको भनाइ छ । पञ्चकन्यामा १ सय ५० जना विद्यार्थी अध्ययनरत छन् ।

# करेन्ट लागेर तामाङको मृत्यु

समाज संवाददाता

हेटौंडाः नुवाकोट जिल्लाको तादी गाउँपालिका-४, सातबिसे बजारमा करेन्ट लागेर एक जनाको मृत्यु भएको छ। मृत्यु हुनेमा सोही स्थान बस्ने २१ वर्षीय सुमन तामाङ रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शनिबार दिउँसो २ बजेको समयमा निर्माणाधीन मन्दिरमा बिजुली बत्ती जडान गर्ने क्रममा करेन्ट लाग्दा १८ वर्षीय सरोज मिजार र तामाङ घाइते भएका थिए । घाइते दुवैलाई उपचारका लागि दुप्चेश्वर नेपाल अस्पताल सातबिसेमा लगिएको थियो ।

घाइते तामाङको उपचारको क्रममा २ बजेर ३० मिनेटको समयमा मृत्यु भएको थियो । मिजारको उपचार भइरहेको प्रहरीले जनाएको छ ।

# पूर्वविद्यार्थीद्वारा जनप्रियलाई खानेपानी फिल्टर सहयोग



समाज संवाददाता

हेटौंडाः हेटौंडा–१६, हटियामा रहेको जनप्रिय माध्यमिक विद्यालयलाई पूर्वविद्यार्थीले खानेपानी फिल्टर सहयोग प्रदान गरेका छन् । पूर्वविद्यार्थीले आइतबार विद्यालयलाई ४ वटा खानेपानी फिल्टर (वाटर प्युरिफायर) सहयोग गरेका हुन् ।

एसएलसी ब्याच २०६८ को समूहले रुपक विकको संयोजकत्वमा फिल्टर सहयोग गरेको छ । हेटौंडा उपमहानगरपालिका–१६ का वडाध्यक्ष रामकृष्ण कोइरालाको प्रमुख आतिथ्यमा कार्यक्रम गरी फिल्टर हस्तान्तरण गरिएको छ ।

विद्यालयमा पानीको व्यवस्थापन हुन नसक्दा विद्यालय नै बन्द गर्नुपरेको क्षणलाई स्मरण गर्दै त्यसो हुन नदिन फिल्टर सहयोग गरिएको बताइएको छ । आफ्नो पारि श्रमिकबाट आएको रकम छुट्याएर भए पनि शुद्ध खानेपानी आपूर्तीमा अभाव हुन नदिन फिल्टर सहयोग गरिएको विकले बताउनुभयो ।

वडा अध्यक्ष कोइरालाले पूर्वविद्यार्थीको कार्य सकारात्मक रहेको धारणा राख्नुभयो । सबैले आ–आफ्नो क्षेत्रबाट सकेको सहयोग गर्नसके देश विकास हुन कसैले नरोक्ने उहाँको भनाई छ ।

विद्यालय प्रधानाध्यापक भुपेन्द्र चौलागाईंले पूर्वविद्यार्थी समग्र विद्यालयकै प्रतिविम्बन भएको बताउनुभयो । विद्यार्थीको उक्त अभियानमा प्रतिबद्धता जनाउँदै आफ्नो तर्फबाट समेत १ थान फिल्टर थप गरिएको उहाँले जानकारी दिनुभयो । जनप्रिय बहुमुखी क्याम्पसका प्रमुख डा. विजय नेपालले पनि १ थान फिल्टर सहयोग गर्नुभयो । चौलागाई र नेपालले सहयोग गर्नुभएको २ थान फिल्टरसमेत विद्यालयलाई ६ थान फिल्टर प्राप्त भएको हो ।

विद्यालय व्यवस्थापन समितिका अध्यक्ष रमेशप्रसाद खतिवडाले आफ्ना छोराछोरी पनि उक्त विद्यालयको पूर्वविद्यार्थी भएकाले आफ्नो तर्फबाट पनि १ थान फिल्टर सहयोग गरिने बताउनुभयो ।

# मोटरसाइकल पल्टिँदा लामाको मृत्यु

समाज संवाददाता

हेटौंडाः धादिङ जिल्लाको धुनिवेशी नगरपालिका-९, सिक्रखोलामा मोटरसाइकल अनियन्त्रित भई पल्टिँदा एक जनाको मृत्यु भएको छ । मृत्यु हुनेमा धुनिवेशी नगरपालिका-९, खत्रीपौवा बस्ने ३५ वर्षीय ज्ञानबहादुर लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ ।

शनिबार सिक्रखोलाबाट मसिने जाने भित्री कच्ची सडकखण्डमा मसिनेबाट सिक्रखोलातर्फ जाँदै गरेको बा ५४ प ३२११ नम्बरको मोटरसाइकल आफैं अनियन्त्रित भई सडकबाट ६० मिटर तल खस्दा लामा घाइते भएका थिए । घाइते लामालाई उपचारको लागि स्थानीय मेडिकल लगिएकोमा थप उपचारको लागि टिचिङ अस्पताल काठमाडौं लैजाँदै गर्दा बाटोमै मृत्यु भएको प्रहरीले जनाएको छ ।

# नेपाली फुटबल टोलीको बिदाई

काठमाडौंः भारतको बैंग्लोरमा असार पहिलो सातादेखि आयोजना साफ च्याम्पियनसिप अघिको मैत्रीपूर्ण खेलका लागि फिलिपिन्स जाने नेपाली राष्ट्रिय पुरुष फुटवल टोलीको बिदाई गरिएको छ । नेपाली टोली सोमबार त्यसतर्फ प्रस्थान गर्नेछ । अखिल नेपाल फुटबल संघ (एन्फा) ले आइतबार फिलिपिन्स जाने नेपाली टोलीलाई सफलताको शुभकामनासहित बिदाई गरेको हो ।

नेपाली टोलीलाई राष्ट्रिय खेलकुद परिषद (राखेप) का उपाध्यक्ष शिव कोइराला 'ज्लाला', एन्फाका अध्यक्ष पंकज बिक्रम नेम्बाङ, महासचिव किरण राई, साफ कमिटिका उपाध्यक्ष सुन्दर नरसिंह जोशी, एन्फाका वरिष्ठ उपाध्यक्ष वीर बहादुर खड्का, उपाध्यक्ष विराट जंग शाही र सदस्य रविन चन्दले बिदाई गरे । साफ च्याम्पियनसिपको तयारी स्वरूप नेपालले फिलिपिन्ससँग उसकै मैदानमा मैत्रीपुर्ण खेल खेल्न लागेको हो । नेपालले फिलिपिन्समै करिव तीन दिन प्रशिक्ष गर्नेछ । नेपालले बिहीबार फिलिपिन्ससँग मैत्रीपूर्ण खेल खेल्नेछ । त्यसको भोलिपल्ट नेपाल साफको लागि भारत प्रस्थान गर्नेछ ।

१४औं संस्करणको साफ च्याम्पियनसिप असार ६ देखि १८ गतेसम्म भारको बैंग्लोरमा हुँदैछ । साफमा नेपाल समूह 'ए' मा रहेको छ । नेपालको समूहमा साविक विजेता भारत, कुवेत र पाकिस्तान छ । समूह 'बी' मा लेबनान, माल्दिभ्स, भुटान र बंगलादेश रहेको छ । फिफाको प्रतिबन्धको कारण यस संस्करण श्रीलंकाले खेल्ने छैन् । कुवेत र लेबनान आमन्त्रित टोली हुन् ।

साफको उद्घाटन खेलमा नेपाल र कुवेतबीच असार ६ गते नेपाली समयअनुसार ३:४५ बजेपछि हुनेछ । ९ असारमा नेपालले आयोजक भारतसँग खेल्नेछ । त्यसपछि समूह चरणको अन्तिम खेलमा नेपालले १२ असारमा पाकिस्तानविरुद्ध खेल्नेछ । माल्दिभ्समा आयोजना भएको १३औं साफ च्याम्पियनसिपमा नेपाल भारतसँग ३-० ले पराजित हुँदै उपविजेता बनेको थियो ।

स्रोतः हाम्रो खेलकुद ।

# खोलामा डुबेर बालकको मृत्यु

समाज संवाददाता

हेटौंडाः काभ्रेपलाञ्चोक जिल्लाको भुम्लु गाउँपालिका-९, ज्याम्दीमा खोलामा डुबेर एक बालकको मृत्यु भएको छ । मृत्यु हुनेमा सोही स्थान बस्ने सुर्ता लामाको ११ वर्षीय छोरा सिम्पल लामा रहेको बागमती प्रदेश प्रहरी कार्यालय हेटौंडाले जानकारी दिएको छ । लामा शनिबार दिउँसो ३ बजेको समयमा घरनजिकै रहेको चा खोलामा पौडी खेल्ने क्रममा डुब्दा बेहोस भएका थिए । बेहोस लामालाई उपचारका लागि धुलिखेल अस्पताल लगिएकोमा उपचारको क्रममा ३ बजेर २० मिनेटको समयमा मृत्यु भएको प्रहरीले जनाएको छ ।

# बागमतीले प्रधानाध्यापकलाई विद्यालय सुधारबारे गोष्ठी गर्दै

समाज संवाददाता

हेटौंडाः पूर्वी मकवानपुरको बागमती गाउँपालिकाले पालिकाअन्तर्गत्का सामुदायिक विद्यालयका प्रधानाध्यापकहरुका लागि विद्यालय सुधार योजना निर्माणसम्बन्धी दुई दिने कार्यशाला गोष्ठी गर्ने भएको छ । आइतबार सूचना जारी गर्दै पालिकाका प्रमुख प्रशासकीय अधिकृत झम्कनारायण घलानले गोष्ठी हुने जानकारी गराउनुभएको हो ।

मंगलबार र बुधबार दुई दिन प्रधानाध्यापकहरुको कार्यशाला गोष्ठी हुन लागेको हो । गोष्ठी पालिकाको सभाहरुमा हुने प्रमुख प्रशासकीय अधिकृत घलानले बताउनुभयो । पालिकामा ५० वटा सामुदायिक विद्यालय छन् । पालिकाले यसअघि बालविकास शिक्षकहरुका लागि मन्टेश्वरी तालिम र विद्यालय व्यवस्थापन समितिका अध्यक्षहरुका लागि तालिम सञ्चालन गरेको थियो ।

विपन्न नागरिक एवं आकस्मिक उपचारका लागि निःशुल्क रक्तसञ्चार सेवा सम्बन्धी सूचना

बागमती प्रदेशमा स्थायी बसोबास गर्ने आर्थिक रूपले विपन्न व्यक्ति र आकस्मिक रूपमा तत्काल उपचारको आवश्यकता भएको व्यक्तिलाई आवश्यक पर्ने रगत, रक्ततत्वमा प्रयोग हुने ब्लड ब्याग र रक्त परिक्षण निःशुल्क रुपमा उपलब्ध गराईएकाले रक्तसञ्चार सेवा प्रदान गर्ने संस्थाहरुबाट यो सेवा लिनु हुन सम्पूर्णमा जानकारी गराइन्छ ।

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
हेटौंडा, मकवानपुर, नेपाल

• मदिरा तथा सुर्तिजन्य पदार्थ स्वास्थ्यका लागि हानिकारक छन् ।
• यस्ता वस्तुको उपभोग नगरौं/नगराऔं ।
• मदिरा तथा सुर्तिजन्य पदार्थको विज्ञापन गर्न नपाइने कानुनी व्यवस्था छ ।
जनस्वास्थ्य सम्बन्धी कानुनको पूर्णरुपमा पालना गरौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

बागमती प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
स्वास्थ्य निर्देशनालय
स्वास्थ्य कार्यालय मकवानपुर
हेटौंडा, नेपाल

डेंगु रोग नियन्त्रणका लागि सम्बन्धित सबैमा स्वास्थ्य कार्यालय मकवानपुरको जरुरी सूचना:

• डेगू रोग एडिज एजिप्टाई जातको संक्रमित लामखुट्टेको टोकाईबाट सर्ने भएकोले यसबाट बच्नको लागि घर बाहिर निस्कदा लामो बाउला भएको कपडा लगाउने र सम्भव भएसम्म दिउँसो सुत्दा पनि झूलको प्रयोग गर्ने साथै बालबालिकालाई जुनसुकै समय पनि झुल्भित्र सुताउने ।
• लामखुट्टेको बृद्धि विकासलाई नियन्त्रण गर्न आफ्नो घर वरिपरि सफासुग्घर राख्ने, घर वरिपरि भएका पानी जम्न खाल्टाखुल्टीहरु पुर्ने ।
• जथाभावी फालिएका फोहरहरु बोतल, टायर, भाँडाकुँडा, गमलाका साथै नछोपिएका पानीट्यांकीमा फुल पारेर लामखुट्टेले बच्चा उत्पादन गर्ने भएकाले यस्ता फोहरहरुलाई खाल्टोमा राखी माटोले पुर्ने ।
• झ्याल ढोकामा जाली लगाउने र खुल्ला नराख्ने ।
• व्यक्तिगत बचावटका लागि लामखुट्टे नाशक मलहमको प्रयोग गर्ने ।
• ज्वरो आउने, जीउ दुख्ने, जोर्नी तथा ढाइहरू बेस्सरी दुख्ने, वाकवाक लाग्ने, बान्ता हुने खान मन नलाग्ने जस्ता लक्षणहरू देखा परेमा तुरुन्त नजिकको स्वास्थ्य संस्था वा अस्पतालमा सम्पर्क गर्ने ।

हेटौंडा रिफरेन्स ल्यावरोटरी

ELISA, CLIA तथा फुल्लि अटोमेटेड मेसिनद्वारा रगतको स्पेसल जाँचहरु गरिन्छ ।



Papcytology
-थाईराईड
-क्यान्सर
-रक्तअल्पता
-वाथरोग
-बाँझोपन
-भाइरस सम्बन्धी सम्पूर्ण परीक्षण गरिन्छ ।

साथै रगत, दिसा, पिसाब, पिप कल्चर समेत गरिन्छ ।

(HRL)

खुल्ने समयः विहान ७:00 बजेदेखि बेलुका ७:00 बजेसम्म

सञ्चालनको छोटो अवधिमै हाम्रो सेवालाई विश्वास गर्दै सेवा गर्ने अवसर दिनुहुने सम्पूर्ण सेवाग्राहीप्रति आभारसहित अब प्रत्येक महिनाको दोस्रो शनिबार सुगर जाँच निशूल्क र चौथो शनिबार थाइराइड जाँचमा ५0 प्रतिशत छुट हुने सहर्ष जानकारी गराउँदछौं ।

थप जानकारीको लागि HRL
हेटौंडा रिफरेन्स ल्यावरोटरी,
हेटौंडा–१, भिन्तुनापथ सम्पर्क फोन नं.: ०५७–५२०४५७

समृद्धि प्रकाशन प्रा.लि. द्वारा प्रकाशित, ठेगानाः हेटौंडा-४, अजरअमररोड, ०५७-५२६८३०, Email:sambridhasamaj@gmail.com, website:www.samriddhasamaj.com, प्रबन्ध निर्देशकः रोजिना श्रेष्ठ, सम्पादकः सुरेश श्रेष्ठ